**नीति केडिबि - खुला अभिलेख/खुला बैठक समुदायको जानकारी जान्ने/स्वतन्त्रताको अधिकार**

कोलोराडो सामुदायिक (खुला) अभिलेख अधिनियम र कोलोराडो खुला बैठक कानुन बमोजिम शिक्षा बोर्डका बैठकहरू र बोर्डले गरेका क्रियाकलापहरू सामुदायिक अभिलेखका कुराहरू हुन् । यसका अतिरिक्त आफ्ना विद्यालय र डिस्ट्रिक्टका कार्यक्रम र सेवाहरू सम्बन्धी जानकारी प्राप्त गर्ने समुदायको अधिकारलाई शिक्षा बोर्ड सहयोग गर्छ । विभिन्न विद्यालयहरूको सञ्चालन, विभागहरू र शिक्षा बोर्डका क्रियाकलापहरूबारे जानकारी प्रसार गर्न युक्तिसङ्गत प्रयाश गर्ने बोर्डको नीति रहेको छ ।

यद्यपि विद्यालय, डिस्ट्रिक्ट र/वा शिक्षा बोर्डका धेरैजसो क्रियाकलापहरू सामुदायिक अभिलेखका विषय हुन् तर केही कुराहरू गोपनिय भएका कारण, वा जसको जानकारी लागू गरिएका कानुनअनुसार समुदायको हित बिपरीत हुने भएकाले वा जसको जानकारी कानुनद्वारा प्रतिबन्धित भएकाले सार्वजानिक गर्न मिल्दैन ।

१. खुला अभिलेख/बैठक

क) शिक्षा बोर्डका सबै क्रियाकलापहरू, निर्णयहरू, आर्थिक अभिलेखहरू र शिक्षा बोर्डले स्वीकृत गरेका नीतिहरू सामुदायिक अभिलेखका विषयहरू हुन् र सो सम्बन्धी कुनै पनि लिखित दस्तावेज युक्तिसङ्गत सूचना भएका खण्डमा, यदि अन्यथा नभएमा तुरुन्तै, कार्यालय समयमा निरीक्षणका लागि तिनलाई व्यवस्थित गरिएको ठाउँबाट उपलब्ध हुनेछन् । साधारणतया अभिलेखका लागि अत्याधिक अनुरोध आए बोर्डलाई कानुन बमोजिम अनुरोध गरिएको तथ्याङ्क सङ्कलित गर्नलाई तीन कार्यदिन प्रदान गरिनेछ ।

ख) त्यस्तै हिसाबले डिस्ट्रिक्ट भित्रका विद्यालयहरूले सबै क्रियाकलापहरू, विद्यालय आधारित निर्णयहरू र आर्थिक खर्चहरू जनसाधारणलाई अनुरोध भएको खण्डमा उपलब्ध गराउनु पर्नेछ । उपलब्ध कुनै र सबै उपायहरू प्रयोग गरेर अभिभावक र समुदायभित्रका अन्य व्यक्तिहरूलाई विद्यालयको कुनै विशिष्ट कार्यक्रम वा क्रियाकलापबारे सुसूचीत राख्न शिक्षा बोर्ड हरेक प्रिन्सिपललाई प्रोत्साहित गर्दछ ।

ग) इलेक्ट्रोनिक मेल प्रसारहरू शिक्षा बोर्डको इलेक्ट्रोनिक मेल नीति इजिएइएले निर्दिष्ट गरेको मापदण्ड अनुसार हुनेछन् ।

घ) डिस्ट्रिक्टका विभिन्न विद्यालयहरू भित्रका सहभागितात्मक निर्णय समूहका क्रियाकलापहरूका सम्बन्धमा सर्वसाधारणले जानकारी राख्न पाउने अधिकारको महत्व शिक्षा बोर्ड पहिचान गर्दछ । सिडिएमद्वारा गरिएका सबै अफिसियल कार्यहरू सिडिएमका सबै सदस्यहरूलाई एवम् सर्वसाधारणलाई उपलब्ध हुनेछन् । बैठकहरूको अभिलेख राख्ने प्रक्रियाहरूको कार्यान्वयन सिडिएमले गर्नेछ र अनुरोध गरिएका खण्डमा सो जानकारी प्रसार गर्नेछ । सिडिएमले जिम्मा लिएको कुनै पनि व्यक्तिगत कुरा संलग्न भएको क्रियाकलाप माथि उल्लेखित स्थितिमा बाहेक उपलब्ध हुनेछैन ।

ङ) शिक्षा बोर्ड सि.आर.एस. २४–६–४०१ तपसिल भएको प्रावधान अनुसार कोलोराडो खुला बैठक कानुनसँग सम्मत हुनुपर्दछ । यद्यपि यो कानुन शिक्षा बोर्डको क्षेत्राधिकार अन्तर्गत विभागहरू र एजेन्सीहरूलाई लागू हुँदैन, बोर्ड सबै सिडिएमहरूलाई खुला बैठक कानुनको मर्म अनुसार चल्न प्रोत्साहित गर्दछ । यस सम्बन्धमा सिडिम बैठकको पूर्ण र यथासमय सूचना प्रस्तावित एजेन्डा सहित हरेक विद्यालयका तोकिएका स्थानहरूमा पोस्ट गरिनु पर्दछ । सबै सिडिएम सदस्यहरूलाई बैठकको सूचना दिइनुपर्दछ । निर्दिष्ट सिडिएम एन्टिटिले अवलम्बन गरेका नियमहरू बमोजिम सर्वसाधारणलाई सिडिएम बैठकमा उपस्थित हुन र भाग लिन आमन्त्रण गर्नुपर्दछ । निम्न अनुच्छेद २ मा उल्लेखित भएका शीर्षक वा कुराहरूका लागि छलफलमा सर्वसाधारणको सहभागिता नकार्न सकिन्छ ।

२. सर्वसाधारणलाई अनुपलब्ध अभिलेखहरू

डिस्ट्रिक्टले व्यवस्थापन गरेका निर्दिष्ट अभिलेखहरू गोपनिय हुन्छन् र सर्वसाधारणलाई उपलब्ध गराउन सकिँदैन । ती अभिलेखहरूमा निम्न सामेल छन् तर त्यतिमै सीमित भने छैनन् :

क) उपलब्ध गराइएको जानकारीले विद्यार्थी पहिचान गर्न सकिने खण्डमा विद्यार्थीसँग सम्बन्धित कुनै र सबै अभिलेखहरू ।

ख) कर्मचारीसँग सम्बन्धित डिस्ट्रिक्ट पर्सोनेल अभिलेखहरू निम्न बाहेक अन्यलाई उपलब्ध गराउन सकिने :

(१) पहिले र अहिलेका कर्मचारीहरूका आवेदन

(२) नियुक्ति सहमति

(३) खर्च भत्ता र लाभ सहित कुनै पनि क्षतिपूर्ति

(४) सम्पादन वर्गीकरण/वर्ग्रीकृत कर्मचारी मात्र

(५) नियुक्तिको बर्खास्तगीका बेला भुक्तानी गरिएको रकम वा प्रदान गरिएको लाभ

ग) फेडेरल वा राज्य कानुन र/वा नियमनहरू वा अदालती निर्णयहरूले गोपनिय राखिन र/वा उपलब्ध नगराउन आवश्यक मानेका अन्य अभिलेखहरू ।

३. प्रक्रियाहरू

क) सि.आर.एस §२४–७२–२०४ तपसिल बमोजिम प्राप्त कुनै औपचारिक लिखित सामुदायिक अनुरोध विभाग र/वा विद्यालयहरूद्वारा सुपरिन्टेन्डेन्टको कार्यालय र कानुनी सेवा कार्यालयलाई सूचीत गरिनु पर्दछ ।

ख) बोर्डले जानकारी रिलिज गर्न प्रोत्साहित गरे पनि जानकारीका लागि अनुरोध धेरै आयतनको भएमा वा जानकारी जम्मा पार्नका लागि स्टाफको आवश्यकता भएमा र यदि लिखित (प्रिन्टेड) प्रतिहरू अनुरोध गरिएमा, बोर्डले सो जानकारीका प्रतिहरू उपलब्ध गराएको युक्तिसङ्गत शुल्क लिनेछ तर सो शुल्क लागेको खर्चभन्दा बढी हुनेछैन । अनुरोध गरिएको जानकारी पुनरुत्पादन खर्चको मूल्याङ्कन प्रक्रियाहरू सुपरिन्टेन्डेन्टले सुरु गर्नेछन् ।

हालको अभ्यास स्वीकृत : कोड गरिएको १९९३
स्वीकृत : अप्रिल १९९४
परिमार्जित : अगस्ट १६, २००१

कानुनी सन्दर्भ : सि.आर.एस. २२–९–१०९
सि.आर.एस. २२–३२–१०९(१)(सि)
सि.आर.एस. २४–७२–२०१ तपसिल

क्रस सन्दर्भ : बिइडिजि, मिनट्स
सिबिआइए, सुपरिन्टेन्डेन्टको मूल्याङ्कनको सामुदायिक निरीक्षण
जिबिजे, पर्सोनेल अभिलेख र फाइलहरू
जेआरए/जेआरसि, विद्यार्थी अभिलेखहरू/विद्यार्थीहरूबारे जानकारी खुलासा